तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश

प.सं.: ०७७/०७८

# शुभकामना

नेपालीहरूको महान् पर्व बिजयादशमी, शुभ-दिपावली, छठ तथा नेपाल सम्बतको पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा नगरबासीहरुमा सुख, शान्ति, समृद्धि, आपसी एकता, पारिवारिक सद्भाव, सुस्वास्थ्य एंव दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

कोरोना महामारीका कारण विगतमा जस्तो यो बर्ष चाडपर्वहरु निष्फिक्री रुपमा मनाउन अनुकूल वातावरण नभएको यथार्थतालाई गम्भिरतापुर्वक लिई चाडपर्वहरुलाई आ-आफ्नै ठाउँबाट मनाउन सबै नगरबासीहरुलाई अनुरोध गर्दछु । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीबाट आफु बच्नु र अरुलाई बचाउनु अहिलेको प्रमुख चुनौती हो । सामाजिक एंव भौतिक दुरी कायम गर्ने साथै मास्क तथा पंजाको प्रयोग गर्ने, साबुन पानीले हात धुने, गुणस्तरीय सेनिटाईजरको प्रयोग गर्ने जस्ता कार्यहरुले यस महामारी जोखिमबाट बच्ने प्रमुख उपाय भएकाले सोही बमोजिम स्वास्थ्य सतकर्ता अपनाउन अनुरोध गर्दछु । महामारीबाट जोगिए चाडपर्वहरु आगामी बर्ष धुमधामसँग मनाउन सकिन्छ यसर्थ चाडपर्व मनाउने नाममा घर-घरमा जमघट तथा भिडभाड नगर्न, नगराउनुहुन सबैमा अपिल गर्दछु ।

नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले गरेको निर्देशन, परिपत्र तथा अनुरोधको पूर्णतया पालन गर्दै आस्था अनुसार आफू, परिवार तथा समुदाय सुरक्षित रहने कुरालाई कर्तव्य ठानी यस पटकको बिजयादशमी, शुभ-दिपावली लगायतका पर्वहरु सुरक्षित भई घरभित्र हर्षोल्लासपूर्वक मनाउनुहुन सम्पूर्ण नगरवासीहरुलाई अनुरोध गर्दछु ।

.................................

जगेश्वर देवी चौधरी
कार्यबाहक नगर प्रमुख
तिलोत्तमा नगरपालिका